# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असोज २३ गते २०६३ साल (संख्या २३

## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

#### प्राइभेट फर्म रजिष्ट्रेशन (चौथो संशोधन) नियमाबली, २०६३

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन (चौथो संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ७ मा संशोधनः प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को,—

१) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः—

"(४) उपनियम(२)बमोजिमको म्याद नाघेपछि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरणको लागि दरखास्त दिन आएमा उपनियम (२) बमोजिमको निकायले उपनियम (३) बमो-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछः–

क) उपनियम (२) बमोजिमको म्याद नाघेपछिको आश्विन मसान्तसम्मको लागि उपनियम (३) बमोजिम लाग्ने दस्तुर बराबरको रकम,

ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछिको आषाढ मसान्तसम्मको लागि सोही खण्ड बमोजिम लाग्ने दस्तुरको अतिरिक्त उपनियम (३) बमोजिम लाग्ने दस्तुरको दोब्बर रकम।"

२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः–

"(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण नगराएमा त्यस्तो प्राइभेट फर्म नवीकरण गरिने छैन। सो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारवाही गर्नेछ।"

३. <u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u> यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत मूल नियमावली बमोजिम नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउनको लागि यो नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र दरखास्त दिन आएमा नियम ७ को उपनियम (२) बमोजिमको निकायले सोही नियमको उपनियम (३) बमोजिम लाग्ने नवीकरण दस्तुरको अतिरिक्त थप दोब्बर दस्तुर लिई त्यस्तो प्राइभेट फर्म एक पटकको लागि नवीकरण गरी दिन सक्नेछ। सो अवधिभित्र पनि सम्बन्धित व्यक्तिले प्राइभेट फर्म नवीकरण नगराएमा त्यस्तो प्राइभेट फर्म नवीकरण गरिने छैन। सो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारवाही गर्नेछ।

## सूचना २

नेपाल सरकारले मिति २०६३।५।१३ को निर्णयानुसार उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ३ बमोजिम गठित उपभोक्ता संरक्षण परिषद्को रिक्त सदस्य पदमध्ये सोही ऐनको दफा ३ को उपदफा (२) को



६-७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ञ) बमोजिमको सदस्यमा देहायका व्यक्तिहरूलाई र खण्ड (ट) बमोजिमको सदस्यमा प्रतिनिधि (महिला), प्रो. पब्लिकलाई मनोनित गरेको छः–

क) प्रतिनिधि, उपभोक्ता मञ्च नेपाल,
ख) प्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्च,
ग) प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्स ।

## सूचना ३

नेपाल सरकारले मिति २०६३।५।१३ को निर्णयानुसार उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ५१ को उपनियम (१) बमोजिम गठित केन्द्रीय अनुगमन समितिको रिक्त सदस्यमा सोही नियमावलीको सोही नियमको उपनियम (२) को खण्ड (ख) बमोजिमको सदस्यमा देहायका व्यक्तिहरूलाई दुई वर्षको लागि तोकेको छः–

क) प्रतिनिधि, प्रो. पब्लिक,
ख) प्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्च,
ग) प्रतिनिधि, उपभोक्ता मञ्च, नेपाल ।

आज्ञाले,
भरतबहादुर थापा
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## कृषि तथा सहकारी मन्त्रालयको
## सूचना १

नेपाल सरकारले दाना पदार्थ नियमावली, २०४१ को नियम ३ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत कार्यालयमा कार्यरत देहायका अधिकृतहरूलाई सार्वजनिक विश्लेषक (दाना पदार्थ) तोकेको छः–

| क्र. सं. | नाम र थर | पद |
|---|---|---|
| १. | श्री उत्तमकुमार भट्टराई | महानिर्देशक |
| २. | श्री जीवनप्रभा लामा | उप-महानिर्देशक |
| ३. | श्री अरुणानन्द मिश्र | " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४. | श्री सुषमा उपाध्याय | वरिष्ठ खाद्य अनुसन्धान अधिकृत |
| ५. | श्री उपेन्द्रराय | " |
| ६. | श्री कुन्दनबहादुर श्रेष्ठ | खाद्य अनुसन्धान अधिकृत |
| ७. | श्री मतिना जोशी | " |
| ८. | श्री हुमाकुमारी वखीम | " |
| ९. | श्री प्रमोद कोइराला | " |
| १०. | श्री किशोर खत्री | " |
| ११. | श्री नवराज दाहाल | " |
| १२. | श्री कृष्णप्रसाद राई | " |

खण्ड ५५, संख्या २९, मिति २०६२।७।२१ को नेपाल राजपत्र भाग ३मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

## सूचना २

नेपाल सरकारले खाद्य नियमावली, २०२७ को नियम ४ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत कार्यालयमा कार्यरत देहायका अधिकृतहरूलाई सार्वजनिक विश्लेषक (खाद्य पदार्थ) तोकेको छः—

| क्र.सं. | नाम र थर | पद |
|---|---|---|
| १. | श्री उत्तमकुमार भट्टराई | महानिर्देशक |
| २. | श्री जीवनप्रभा लामा | उप-महानिर्देशक |
| ३. | श्री अरुणानन्द मिश्र | " |
| ४. | श्री विनयप्रसाद श्रेष्ठ | वरिष्ठ खाद्य अनुसन्धान अधिकृत |
| ५. | श्री गणेश दवाडी | " |
| ६. | श्री टङ्कप्रसाद आचार्य | " |
| ७. | श्री सुषमा उपाध्याय | " |
| ८. | श्री राजेन्द्रप्रसाद आचार्य | " |
| ९. | श्री चन्द्र सुब्बा | " |
| १०. | श्री संजिवकुमार कर्ण | " |
| ११. | श्री पूर्णचन्द्र वस्ती | " |
| १२. | श्री उपेन्द राय | " |
| १३. | श्री कुन्दनबहादुर श्रेष्ठ | खाद्य अनुसन्धान अधिकृत |
| १४. | श्री मतिना जोशी | " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १५. | श्री हुमाकुमारी वखिम | " |
| १६. | श्री प्रमोद कोईराला | " |
| १७. | श्री किशोर खत्री | " |
| १८. | श्री विजय खन ल | " |
| १९. | श्री वेदनाथ गौतम | " |
| २०. | श्री नवराज दाहाल | " |
| २१. | श्री कृष्णप्रसाद राई | " |

खण्ड ५५, संख्या २९, मिति २०६२।७।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ खारेज गरिएको छ।

आज्ञाले,
केशवप्रसाद अधिकारी
उप-सचिव (कानून)

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो. हु. द. न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

726

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।